समृद्ध समाजको सामाजिक आधार
युवाको बल र विचार
कम्पनी दर्ता नं. २११८१३/०७५/०७६
राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध
जि.प्र.का. द.नं. १८८/०६४/०६५ मोरङ

# राष्ट्रिय युवा जागरण

साप्ताहिक
Rastriya Yuva Jagaran Weekly
अनलाईन संस्करण: fastmedianepal.com

वर्ष- १९, अंक-५, २०८३ भदौ ३ गते बुधबार (2026, 19 Aug. Wednesday) नेपाल सम्वत ११४६ पृष्ठ संख्या - ६ मुल्य रु. १०।-

जनहितमा जारी

भुकम्प प्रतिरोधक घर बनाऔं । २०७२ बैशाखको जस्तो भुकम्प जुनसुकै बेला जान सक्छ । त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरेर बनाऔं । नगरपालिकाबाट नक्सा पास गराऔं । इन्जिनियरको सल्लाह लिऔं । निर्माणमा तालिम प्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुनर्निर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय समाग्री मात्र प्रयोग गरौं ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दमक, झापा

## दुई उद्योगको उत्पादन रोक्का, एक सिलबन्दी

◆ रायुजा डेक्स




इटहरी । इटहरीमा गरिएको बजार अनुगमनका क्रममा मापदण्डविपरीत खाद्य वस्तु उत्पादन तथा बिक्री-वितरण भइरहेको पाइएपछि दुई उद्योगमाथि कारबाही गरिएको छ । अनुगमन टोलीले एक उद्योगको उत्पादन तथा बिक्री-वितरण रोक्का गरेको छ भने अर्को उद्योगमा उत्पादित सामग्रीको गुणस्तर कम हुनुका साथै अखाद्य लेभर प्रयोग भएको पाइएपछि उद्योग नै सिलबन्दी गरेको हो ।

इटहरी उपमहानगरपालिका बजार अनुगमन शाखा र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, इनरुवा सुनसरीको संयुक्त टोलीले मंगलबार इटहरीका विभिन्न उद्योग, कारखाना तथा पसलमा सघन बजार अनुगमन गरेको थियो । अनुगमनका क्रममा इटहरी-९ स्थित खनाल फुड्स प्रोडक्सले अनुमति लिएका खाद्य वस्तुबाहेक अन्य सामग्रीसमेत उत्पादन तथा बिक्री-वितरण गरिरहेको पाइएको थियो । उद्योगले नमकिन र फिंगर चिप्स उत्पादनको अनुमति लिए पनि चिजबल, पोटेटो क्रेकरलगायतका सामग्री अनुमति नलिई उत्पादन गरिरहेको भेटिएको हो ।

उद्योगको उत्पादनस्थलमा सरसफाइको अवस्थासमेत कमजोर पाइएको अनुगमन टोलीले जनाएको छ । पिठो मुछ्ने मेसिनमा खिया लागेको, भुजिया मिक्सिङ गर्ने सामग्रीमा फोहोर जमेको तथा तेलमा डुबाउने ताइमा समेत खराबी रहेको भेटिएको थियो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय सुनसरीका प्रमुख राकेश मण्डलका अनुसार उद्योगबाट उत्पादित सामग्री तत्काल बिक्री गर्न नमिल्ने गरी उद्योगमै स्टक गर्न लगाइएको छ । त्यसका साथै उत्पादन तथा बिक्री-वितरण रोक्का गरिएको उनले बताए ।

यस्तै, इटहरी-३ स्थित बृहस्पति फुड प्रडक्ट इन्डस्ट्रिज प्रालिमा उत्पादित भेजिटेबल सस पनि खाद्य मापदण्डअनुसार नभएको पाइएको छ । उद्योगमै रहेको परीक्षण उपकरणबाट ससको गुणस्तर परीक्षण गर्दा तोकिएको मापदण्ड पूरा नगरेको देखिएको मण्डलले बताए । अनुगमनका क्रममा खाद्य वस्तुमा प्रयोग गर्न नमिल्ने अखाद्य लेभरसमेत प्रयोग भएको भेटिएपछि उद्योगको उत्पादन रोक्का गरी सिलबन्दी गरिएको उनले जानकारी दिए ।

जाऔं अन्तिम पृष्ठ

## प्रदेश सरकारमा पुनर्गठनको लहर :

# साढे तीन वर्षमा ५३ प्रतिशत सांसद मन्त्री बने, मुख्यमन्त्री : २८ पटक फेरबदल,

- साढे तीन वर्षमा ७ प्रदेशमा २९१ पटक मन्त्री नियुक्त भएका छन् ।
- यही अवधिमा मुख्यमन्त्री २८ पटक फेरबदल भएका छन् ।
- कोशीमा सबैभन्दा धेरै ५८ मन्त्री नियुक्त भएका छन् भने १४ पटक मन्त्रिपरिषद् विस्तार भएको छ ।
- मधेशमा सरकार परिवर्तन सबैभन्दा धेरै ६ पटक भएको छ ।
- कोशीमा नयाँ सत्ता समीकरणअनुसार मन्त्रिपरिषद् पुनर्गठन, लुम्बिनीमा विश्वासको मत र बागमतीमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको छ

◆ खगेन्द्र कार्की

विराटनगर । संघीय सरकारमा सत्ता गठबन्धन फेरिएसँगै प्रदेश सरकारमा पनि त्यसको असर देखिन थालेको छ । प्रदेश सरकारहरू गठन भएको करिब साढे तीन वर्षमै मुख्यमन्त्री र मन्त्री फेरबदलको क्रमले तीव्रता पाएको छ । पछिल्लो समय कोशीमा मन्त्रिपरिषद् पुनर्गठन, लुम्बिनीमा विश्वासको मत र बागमतीमा सत्ता समीकरण परिवर्तनले प्रदेश सरकारको अस्थिरता फेरि सतहमा ल्याएको छ ।

२०७९ मंसिरको प्रदेशसभा निर्वाचनपछि सातै प्रदेशमा एउटै व्यक्ति दोहोरिएर मुख्यमन्त्री बनेको अवस्थासमेत गणना गर्दा २८ पटक मुख्यमन्त्री फेरिएका छन् । यही अवधिमा २९१ पटक मन्त्री नियुक्त भएका छन् । प्रदेशसभाका कुल ५५० सदस्यमध्ये करिब ५३ प्रतिशतले मन्त्री बन्ने अवसर पाएका छन् ।

प्रदेशगत रूपमा सबैभन्दा धेरै मन्त्री कोशीमा नियुक्त भएका छन् । कोशीमा ५८, मधेशमा ५१, लुम्बिनीमा ५०, बागमतीमा ४९, सुदूरपश्चिममा ३६, गण्डकीमा २७ र कर्णालीमा २० मन्त्री नियुक्त भएका छन् । कोशीमा मात्रै १४ पटक मन्त्रिपरिषद् विस्तार भएको छ । दोहोरिएका नियुक्ति हटाउँदा ४७ जना फरक व्यक्ति मन्त्री बने पनि दोहोरिएका नियुक्तिसमेत जोड्दा संख्या ५८ पुगेको हो ।

प्रदेश सरकारको पछिल्लो फेरबदलको सबैभन्दा ताजा उदाहरण कोशी बनेको छ । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सोमबार मन्त्रिपरिषद् पुनर्गठन गर्दै सत्ता साझेदार नेकपालाई सरकारमा सहभागी गराएका छन् । एमाले र नेकपाबीच भएको तीनबुँदे सहमतिअनुसार भएको पुनर्गठनसँगै मन्त्रालयको भागबन्डासमेत टुंगिएको छ ।

नयाँ कार्यविभाजनअनुसार मुख्यमन्त्री कार्कीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आफैँसँग राखेका छन् । खिनु लङ्वा लिम्बूलाई पर्यटन, वन तथा वातावरण, जीवन आचार्यलाई भौतिक पूर्वाधार विकास, तिलचन पाठकलाई खानेपानी, सिँचाइ तथा ऊर्जा तथा इन्द्रमणि पराजुलीलाई स्वास्थ्य मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

त्यस्तै गोम्बु शेर्पाले आन्तरिक मामिला तथा कानुन, विदुरकुमार लिङ्थेपले आर्थिक मामिला तथा योजना, रामप्रसाद महतोले उद्योग, कृषि तथा सहकारी र गीता तिम्सिनाले सामाजिक विकास मन्त्रालय सम्हाल्ने भएका छन् । उमाकान्त गौतम स्वास्थ्य र सपना दर्जी भौतिक पूर्वाधार विकास राज्यमन्त्री बनेका छन् ।

कोशीमा नेकपाबाट चार मन्त्री र एक राज्यमन्त्री सरकारमा सहभागी भएका हुन् । इलामकी खिनु लङ्वा लिम्बू, मोरङका जीवन आचार्य, गीता तिम्सिना, सोलुखुम्बुका गोम्बु शेर्पा र सुनसरीकी सपना दर्जीलाई नेकपाले सरकारमा पठाएको हो ।

जाऔं अन्तिम पृष्ठ

# वैधानिक संकटमा नेपाली कांग्रेस

◆ रायुजा डेक्स

राणाशासनदेखि राजतन्त्रसम्मका विभिन्न राजनीतिक संघर्षमा नेपाली जनतालाई स्वतन्त्र, स्वाभिमानी र अधिकारसम्पन्न बनाउन नेपाली कांग्रेसले खेलेको भूमिका नेपालको राजनीतिक इतिहासमा अतुलनीय छ । लोकतन्त्र, राष्ट्रियता, नागरिक स्वतन्त्रता र राजनीतिक परिवर्तनका लागि कांग्रेसले गरेको संघर्ष उसको दीर्घ राजनीतिक विरासत हो । सत्तामा पुगेपछि पार्टीले लिएका कतिपय निर्णय र अपनाएका बाटामाथि प्रश्न उठ्न सक्छन्, तर जनताका अधिकारका लागि गरेको संघर्षबाट स्थापित लोकतान्त्रिक मूल्य, मान्यता र राजनीतिक आदर्श कांग्रेसका अमूल्य सम्पत्ति हुन् ।

तर त्यही ऐतिहासिक विरासत बोकेको नेपाली कांग्रेस अहिले आफ्नै आन्तरिक द्वन्द्व, नेतृत्वको संघर्ष र वैधानिक विवादको चक्रव्यूहमा फसेको छ । नेतृत्व र पदको प्रतिस्पर्धा यति गहिरिएको छ कि पार्टीभित्रको लोकतान्त्रिक संस्कार नै कमजोर बन्दै गएको देखिन्छ । लोकतान्त्रिक पार्टीमा असहमति र विचारको प्रतिस्पर्धा स्वाभाविक हुन्छ । तर असहमतिलाई संस्थागत विधि, संवाद र सहमतिबाट व्यवस्थापन गर्न नसक्दा अहिले कांग्रेस विभाजनको जोखिमसम्म पुगेको छ ।

कांग्रेसको वर्तमान संकटको जरो १४औं महाधिवेशनपछि पार्टी सञ्चालनको शैली र विशेष महाधिवेशनको औचित्यसम्बन्धी विवादमा पुगेर जोडिन्छ । विशेष महाधिवेशनबाट नयाँ नेतृत्वमा आएका गगन थापा नेतृत्वको संस्थापन पक्षले पार्टीलाई पुरानो जडताबाट बाहिर निकाल्दै समयअनुकूल गतिशील बनाउन आफूहरू अघि बढेको बताउँदै आएको छ । निर्धारित समयमै १५औं महाधिवेशन सम्पन्न गर्ने उसको दाबी छ ।

तर शेरबहादुर देउवा समर्थित समूहले विशेष महाधिवेशनको वैधानिकता र त्यसबाट भएको नेतृत्व परिवर्तनलाई नै चुनौती दिँदै छुट्टै राजनीतिक गतिविधि अघि बढाइरहेको छ । यही विवादले अहिले कांग्रेसभित्र दुई राजनीतिक धार मात्र होइन, दुई फरक संस्थागत दाबीसमेत जन्माएको छ ।

इतर समूहले आयोजना गरेको तीनदिने राष्ट्रिय भेलाले पाँचबुँदे प्रस्ताव पारित गरेपछि यो विवाद थप स्पष्ट भएको छ । भेलाले १५औं महाधिवेशन, राष्ट्रिय एकता तथा मेलमिलापको नीति, धार्मिक पहिचान, संविधान संशोधन तथा महाधिवेशनसम्म पार्टीका गतिविधि सञ्चालनसम्बन्धी विषयलाई आफ्नो राजनीतिक एजेन्डाका रूपमा अघि सारेको छ ।

विशेषत: १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निर्णयअनुसार १५औं महाधिवेशन सम्पन्न गर्नुपर्ने र निवर्तमान सभापति शेरबहादुर देउवाकै नेतृत्वमा महाधिवेशन सम्पन्न हुने विश्वास भेलाले व्यक्त गरेको छ । यो निर्णय कांग्रेसभित्र बढिरहेको राजनीतिक दूरीको संकेत हो ।

एकातिर नयाँ नेतृत्व र विशेष महाधिवेशनबाट

जाऔं वेवसाइटमा

# ब्रम्हाकुमारी राजयोगले इटहरीमा रक्तदान गर्ने



इटहरी । राजयोगिनी दादी प्रकाशमणि ज्युको १९औँ पुण्यतिथिको अवसरमा इटहरीमा रक्तदान कार्यक्रम आयोजना हुने भएको छ ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र इटहरीमा आगामी भदौ ६ गते बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म रक्तदान कार्यक्रम सञ्चालन हुने आयोजकले जनाएको छ । समाजसेवा प्रभाग ब्रह्माकुमारीको आयोजनामा हुन लागेको उक्त रक्तदान कार्यक्रमबारे आज आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको हो ।

ब्रह्माकुमारी संस्थाले भदौ ६ गतेलाई विश्व बन्धुत्व दिवसका रूपमा मनाउँदै आएको जनाएको छ । राजयोगिनी दादी प्रकाशमणिको पुण्यस्मृति दिवसको अवसर पारेर गत वर्षदेखि रक्तदान महादान अभियान सञ्चालन गर्दै

जाऔं अन्तिम पृष्ठ

# जेईको जोखिमबाट देशभर ६३ संक्रमित, १६ जनाको मृत्यु

इटहरी । वर्षायाम सुरु भएसँगै नेपालमा जापानिज इन्सेफलाइटिस (जेई) को सङ्क्रमण बढ्दै गएको छ । देशभर जेई सङ्क्रमितको संख्या ६३ पुगेको छ भने १६ जनाको मृत्यु भएको छ । झापामा मात्रै १० जनामा सङ्क्रमण पुष्टि हुँदा पाँच जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

परिवार कल्याण महाशाखाको पछिल्लो तथ्यांकअनुसार देशभर २२ जिल्लाका ५० स्थानीय तहमा जेई सङ्क्रमित भेटिएका छन् । देशभर ८७८ जनामा एक्युट इन्सेफलाइटिस सिन्ड्रोम (एईएस) देखिएकामा ६३ जनामा जेई पुष्टि भएको हो । पछिल्लो पाँच दिनमा मात्रै नौ जना नयाँ सङ्क्रमित थपिएका छन् ।

देशभरका सङ्क्रमितमध्ये ३४ पुरुष र २९ महिला छन् भने ३१ जना उपचाररत छन् । जेईबाट मृत्यु भएका १६ जनामध्ये नौ महिला र सात पुरुष छन् । मृत्यु भएकामध्ये ८८ प्रतिशत ५० वर्षभन्दा माथिका रहेको महाशाखाको तथ्यांकले देखाएको छ । मृत्यु भएका सबैले जेईविरुद्धको खोप नलगाएको पाइएको छ ।

झापामा पछिल्लो पटक मेचीनगरका एक पुरुषमा सङ्क्रमण पुष्टि भएसँगै जिल्लामा सङ्क्रमितको संख्या १० पुगेको हो । सङ्क्रमितमध्ये पाँच जनाको मृत्यु, दुई जना उपचाररत र तीन जना उपचारपछि डिस्चार्ज भएका छन् । मेचीनगरमा चार, हल्दिबारी, बाह्रदशी र कचनकवलमा एक(एक, बिर्तामोडमा दुई तथा अर्जुनधारामा एक जनामा सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमितमध्ये सात महिनाका बालकसमेत छन् ।

झापामा पाँच जनाको मृत्यु भएको छ भने सुनसरी र सप्तरीमा दुई(दुई तथा मोरङ, इलाम, रौतहट, धनुषा, पर्सा, काभ्रे र दाङमा एक(एक जनाको मृत्यु भएको छ । जेई पूर्वी नेपालमा बढी देखिए पनि पछिल्लो समय पश्चिमतर्फसमेत फैलिँदै गएको छ । अधिकांश सङ्क्रमित धानबारी तथा सुँगुर फार्म आसपास बसोबास गर्ने र ६२ प्रतिशतको मुख्य पेसा कृषि रहेको पाइएको छ ।

खेलकुद

# एसियाडका लागि १५ सदस्यीय नेपाली क्रिकेट टोली घोषणा

इटहरी । जापानको आइची-नागोयामा असोज ३ गतेदेखि सुरु हुने २०औँ एसियाली खेलकुद (एसियाड) का लागि नेपालले १५ सदस्यीय पुरुष क्रिकेट टोली घोषणा गरेको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) ले एसियाडका लागि टोली घोषणा गरेको हो ।

टोलीमा दीपेन्द्रसिंह ऐरी, रोहितकुमार पौडेल, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, आरिफ शेख, आसिफ शेख, कुशल भुर्तेल, ललित राजवंशी, गुल्सन झा, नन्दन यादव, लोकेश बम, सन्दीप जोरा, शेर मल्ल र कुशल मल्ल रहेका छन् ।

एसियाडमा नेपाली पुरुष क्रिकेट टोलीले समूह 'ए' बाट प्रतिस्पर्धा गर्नेछ । नेपालसँगै उक्त समूहमा आयोजक जापान र अफगानिस्तान छन् । समूह 'बी' मा हङकङ, मलेसिया र ओमान रहेका छन् ।

समूह चरणमा शीर्ष दुई स्थान हासिल गर्ने टोली क्वार्टरफाइनलमा प्रवेश गर्नेछन् । नेपाल समूहबाट अघि बढ्न सके भारत, पाकिस्तान, बङ्गलादेश वा श्रीलङ्कामध्ये कुनै एक बलियो टोलीसँग क्वार्टरफाइनलमा प्रतिस्पर्धा गर्नुपर्ने सम्भावना छ । यी चार टोली भने सोझै क्वार्टरफाइनलमा पुगेका छन् । एसियाडमा क्रिकेटका खेल टी-२० ढाँचामा सञ्चालन हुनेछन् ।

यसअघि चीनमा भएको १९औँ एसियाली खेलकुदमा पनि नेपालले पुरुष क्रिकेटमा सहभागिता जनाएको थियो । उक्त प्रतियोगिताको क्वार्टरफाइनलमा नेपालले भारतसँग प्रतिस्पर्धा गरेको थियो । भारतसँगको खेलमा नेपाल पराजित भएको थियो ।

यसपटक पनि नेपाली टोलीले एसियाडमा राम्रो प्रदर्शन गर्दै पदकको सम्भावना बलियो बनाउने लक्ष्य राखेको छ । जापानमा हुने प्रतियोगिता नेपाली क्रिकेट टोलीका लागि अन्तर्राष्ट्रिय स्तरमा आफ्नो क्षमता प्रदर्शन गर्ने अर्को महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ ।

चर्चामा रास्वपाको क्यान्डिडेट क्लब

# प्रक्रियाबाट उम्मेदवार छान्ने रविको घोषणा

विराटनगर । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट प्रक्रिया औपचारिक रूपमा अघि बढाउँदै 'क्यान्डिडेट क्लब' घोषणा गरेको छ । सोमबार पार्टी सभापति रवि लामिछानेको उपस्थितिमा क्यान्डिडेट क्लब घोषणा गर्दै रास्वपाले स्थानीय तहमा उम्मेदवार बन्न इच्छुक व्यक्तिका लागि आवेदन प्रक्रिया खुला गरेको हो ।

पार्टीले उम्मेदवार छनोटमा विगतका परम्परागत राजनीतिक अभ्यासभन्दा फरक विधि अपनाउने दाबी गरेको छ । विशेषगरी शक्ति, पहुँच र आर्थिक प्रभावका आधारमा उम्मेदवार बन्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने सन्देश दिँदै सभापति लामिछानेले पार्टीभित्रबाट वा बाहिरबाट आफूखुसी उम्मेदवार घोषणा गर्ने अभ्यास अब स्वीकार्य नहुने स्पष्ट पारे ।

पार्टीको उम्मेदवार छनोट एप औपचारिक रूपमा खुला गर्दै लामिछानेले पावर, पहुँच र पैसाको बलमा उम्मेदवार बन्न खोज्नेहरूको उम्मेदवारी नै खारेज हुने चेतावनी दिए । उनले पार्टीको आधिकारिक प्रक्रिया बाहिरबाट कसैलाई उम्मेदवार घोषणा गर्ने, टिकटको आश्वासन दिने वा आफूलाई पार्टीको उम्मेदवारका रूपमा प्रस्तुत गर्ने कामलाई मान्यता नदिने बताए ।

कोही कसैले कोठामा बसेर, सभा, कार्यक्रममा बसेर, बिनाआधार बिनाकारण, बिनानिर्णय, आृनो मर्जीले उम्मेदवार तपाईं नै हो भनेर जसले जहाँ(जहाँ भन्नुभएको छ, बेच्नु भएको छ, उपहार दिनुभएको छ । आजको दिनबाट पावर- ती सबै खारेज भएको जानकारी दिन चाहन्छु लामिछानेले भने ।

उनको यो अभिव्यक्तिले रास्वपाले स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोटमा पार्टीभित्रको व्यक्तिगत सम्बन्ध, आर्थिक हैसियत वा नेतासँगको पहुँचभन्दा औपचारिक प्रक्रियालाई प्राथमिकता दिन खोजेको संकेत गरेको छ । स्थानीय तहमा बलियो संगठन निर्माण गर्ने लक्ष्यसहित अघि बढिरहेको रास्वपाका लागि उम्मेदवार छनोट आगामी निर्वाचनको महत्वपूर्ण चरणका रूपमा हेरिएको छ ।

रास्वपाले क्यान्डिडेट क्लबमार्फत ४६० गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष, ३ हजार ६८५ वडाध्यक्ष र १४ हजार ७४० वडा सदस्य पदका लागि आवेदन आह्वान गरेको छ । तर ६ महानगरपालिका, ११ उपमहानगरपालिका र २७६ नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका लागि भने यस चरणमा आवेदन आह्वान गरिएको छैन । त्यस्तै, ३ हजार ५८ नगर वडाका अध्यक्ष र १२ हजार २३२ वडा सदस्य पदमा समेत यस प्रक्रियामार्फत आवेदन दिन नपाइने व्यवस्था गरिएको छ ।

आगामी वैशाखमा हुने स्थानीय तह निर्वाचनमा देशभरका ७५३ स्थानीय तहमा २९३ प्रमुख तथा उपप्रमुख, ४६० गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष, ६ हजार ७४३ वडाध्यक्ष र २६ हजार ९७२ वडा सदस्यका लागि निर्वाचन हुँदैछ । रास्वपाले अहिले खुला गरेको आवेदन प्रक्रिया स्थानीय तहका विभिन्न पदमध्ये निश्चित पदमा केन्द्रित गरेको हो ।

पार्टीले चितवनमा भएको प्रथम महाधिवेशनअघि नै स्थानीय तह निर्वाचनको तयारी थालेको थियो । गत साउन १३ गते बसेको केन्द्रीय समिति बैठकले भदौ १ गतेदेखि स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्न इच्छुक व्यक्तिका लागि क्यान्डिडेट क्लबमार्फत आवेदन आह्वान गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार पार्टीले सोमबार उम्मेदवार छनोटको प्रक्रिया औपचारिक रूपमा अघि बढाएको हो ।

'अब एउटा रास्वपा, एउटा नेतृत्व'

क्यान्डिडेट क्लब घोषणा कार्यक्रममा लामिछानेले उम्मेदवार छनोटसँगै पार्टीको आन्तरिक संगठन र नेतृत्वबारे पनि धारणा सार्वजनिक गरे । उनले महाधिवेशनपछि पार्टीभित्रको एकता तथा समायोजन प्रक्रिया पूरा भइसकेको भन्दै अब रास्वपामा गुट(उपगुट नरहेको दाबी गरे ।

उनका अनुसार महाधिवेशनअघि देखिएका संगठनात्मक व्यवस्थापन तथा समायोजनका विषय अब समाप्त भइसकेका छन् । त्यसैले आफूलाई कुनै गुट वा समूहसँग जोडेर प्रस्तुत गर्ने प्रवृत्तिले पार्टीमा राजनीतिक हैसियत स्थापित गर्न नसक्ने उनको भनाइ थियो ।

"महाधिवेशनपछि समायोजनको काम सबै समाप्त भएको छ । अब एउटा रास्वपा छ । एउटा लिडरशिप छ, फरक फरक छैन । कसैले भन्न सक्ला( म यो गुटको, मेरो नेता यो हो, ऊ हो । त्यसबाट मनोरञ्जन बाहेक केही पनि लिन सक्दैन । एउटा रास्वपा, एउटा घण्टी," लामिछानेले भने ।

उनको यो अभिव्यक्तिले पार्टीको स्थानीय तह निर्वाचन तयारीसँगै आन्तरिक एकतालाई पनि जोड दिएको देखिन्छ । उम्मेदवार छनोटका क्रममा विभिन्न आकांक्षीबीच प्रतिस्पर्धा हुने अवस्थामा पार्टीभित्र गुटगत प्रभाव नपरोस् भन्ने सन्देश दिन खोजिएको छ ।

प्रक्रिया पूरा हुन नसकेको स्वीकारोक्ति

लामिछानेले यसअघि विशेष परिस्थितिमा निर्वाचन तथा पार्टी समायोजनको काम अघि बढाउनुपरेकाले क्यान्डिडेट क्लबमार्फत व्यवस्थित रूपमा उम्मेदवार छनोट गर्न नसकिएको पनि स्वीकार गरे । पार्टी स्थापना भएको छोटो अवधिमै विभिन्न निर्वाचनको सामना गर्नुपरेको र संगठन विस्तार तथा समायोजनका काम पनि सँगसँगै अघि बढाउनुपरेको उनको भनाइ थियो ।

अब भने पार्टीले स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै संस्थागत प्रक्रियामार्फत उम्मेदवार छनोट गर्न खोजेको छ । क्यान्डिडेट क्लब त्यसैको एउटा महत्वपूर्ण संरचना भएको रास्वपाको दाबी छ । स्थानीय तहको निर्वाचनमा उम्मेदवार छनोट गर्दा स्थानीय स्तरमा पार्टीको प्रतिनिधित्व गर्न सक्ने क्षमता, जनसम्बन्ध, संगठनात्मक भूमिका तथा सार्वजनिक छविजस्ता पक्षलाई कसरी मूल्यांकन गरिन्छ भन्ने विषय भने आगामी प्रक्रियाबाट स्पष्ट हुँदै जानेछ । आवेदन दिने व्यक्तिमध्येबाट पार्टीले कुन आधार र मापदण्डमा अन्तिम उम्मेदवार चयन गर्छ भन्नेमा पनि राजनीतिक वृत्तको चासो बढेको छ ।

क्यान्डिडेट क्लबमार्फत आवेदन प्रक्रिया सुरु भएसँगै अब रास्वपाको स्थानीय चुनावी अभियान औपचारिक चरणमा प्रवेश गरेको छ । उम्मेदवार छनोटमा पार्टीले घोषणा गरेको पारदर्शिता र प्रक्रियागत मापदण्ड व्यवहारमा कति लागू हुन्छ भन्ने विषयले आगामी दिनमा रास्वपाको स्थानीय चुनावी तयारी र राजनीतिक विश्वसनीयताको समेत परीक्षण गर्नेछ ।

---

**दुई उद्योगको** ....टोलीले दुवै उद्योगका सम्बन्धित उत्पादन तथा सामग्री उद्योगमै स्टक गरी बिक्री-वितरण गर्न नमिल्ने अवस्थामा राखेको जनाएको छ ।

खाद्य वस्तुको गुणस्तर, उत्पादन प्रक्रिया, सरसफाइ तथा उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखेर बजार अनुगमनलाई तीव्रता दिइएको इटहरी उपमहानगरपालिकाले जनाएको छ । नगरवासीबाट प्राप्त गुनासो तथा उजुरीका आधारमा अनुगमनलाई थप प्रभावकारी बनाउँदै लगिएको उपमहानगरपालिकाको भनाइ छ ।

अनुगमन टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय सुनसरीका प्रमुख राकेश मण्डल, खाद्य निरीक्षण अधिकारी उज्ज्वल कोइरालालगायत इटहरी उपमहानगरपालिकाका कर्मचारी सहभागी थिए ।

उपमहानगरपालिकाले उपभोक्तालाई खाद्य सामग्री खरिद गर्दा गुणस्तर, उपभोग्य मिति, लेबल र उत्पादनसम्बन्धी विवरण जाँच गरेर मात्र खरिद गर्न आग्रह गरेको छ । बजारमा अखाद्य वा शंकास्पद खाद्य वस्तु बिक्री भइरहेको पाइएमा सम्बन्धित निकायमा जानकारी गराउनसमेत आग्रह गरिएको छ ।

**साढे तीन**...पार्टीका कोशी इन्चार्ज राजेन्द्र राई, संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो र संयोजक हर्क नेम्वाङको संयुक्त बैठकले मन्त्रीको नाम टुंग्याएको थियो ।

एमाले र नेकपाबीच साउन ९ मा भएको तीनबुँदे सहमतिपछि कोशीमा नयाँ सत्ता समीकरण बनेको हो । नयाँ समीकरण बनेपछि कांग्रेसबाट सरकारमा सहभागी मन्त्रीहरूले साउन २५ मा राजीनामा दिएका थिए । त्यसपछि सरकार पुनर्गठन गरिएको हो ।

कोशीमा अस्थिरताको लामो शृंखला

कोशी प्रदेश सरकारको पछिल्लो पुनर्गठनलाई केवल सामान्य मन्त्रिपरिषद् विस्तारका रूपमा हेर्न सकिँदैन । २०७९ को निर्वाचनपछि नै कोशी सत्ता समीकरणको प्रयोगशाला बन्दै आएको छ । एउटै कार्यकालमा हिक्मतकुमार कार्की तीनपटक, उद्धव थापा दुईपटक र केदार कार्की एकपटक मुख्यमन्त्री बनेका छन् । यस अवधिमा मुख्यमन्त्री परिवर्तनको संख्या छ पुगेको छ ।

यसरी हेर्दा प्रदेश सरकारको स्थायित्वभन्दा सत्ता समीकरणको अंकगणित हाबी भएको देखिन्छ । केन्द्रमा दलहरूबीच गठबन्धन फेरिएपछि प्रदेशमा त्यसको प्रभाव पर्ने र प्रदेशमा बनेको समीकरणअनुसार मन्त्रालय तथा मन्त्रीको भागबन्डा हुने क्रम निरन्तर छ ।

मन्त्री नियुक्तिको तथ्यांकले पनि यही प्रवृत्तिलाई देखाउँछ । सातै प्रदेशमा २९१ मन्त्री नियुक्त हुनु भनेको प्रदेशसभाका आधाभन्दा बढी सदस्यले कार्यकालको कुनै न कुनै समयमा कार्यकारी जिम्मेवारी पाउनु हो ।

पुरा पढ्न जाऔं वेवसाइटमा

**ब्रम्हाकुमारी...**

आएको ब्रह्माकुमारी राजयोग सेवा केन्द्र इटहरीकी मुख्य सञ्चालिका दिदी शारदाले जानकारी दिइन् ।

उनका अनुसार रगतको अभावमा कसैको ज्यान जोखिममा परेको अवस्थामा समयमै उपलब्ध हुने रगतले बिरामीको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्छ । यही मानवीय भावनाका साथ विशेष सोच र उद्देश्य लिएर रक्तदान कार्यक्रम आयोजना गर्न लागिएको उनले बताइन् ।

## पाठकको पूर्पुरो

ज्योतिष
आशिष नेपाल

मेषः नयाँ कामको अवसर मिल्नेछ । आर्थिक लाभसँगै पारिवारिक सम्बन्धमा सुधार आउनेछ ।

वृषः रोकिएका काम अघि बढ्नेछन् । ब्यवसायमा सफलता मिल्नेछ, खर्चमा भने ध्यान दिनुहोला ।

मिथुनः नयाँ योजना सफल हुनेछन् । साथीभाइको सहयोग पाइनेछ, आम्दानीका स्रोत बढ्ने सम्भावना छ ।

कर्कटः काममा उत्साह बढ्नेछ । पारिवारिक सुख मिल्नेछ, स्वास्थ्यमा सामान्य सावधानी अपनाउनु राम्रो ।

सिंहः प्रतिष्ठा र आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा नयाँ जिम्मेवारीसँगै आर्थिक लाभ मिल्नेछ ।

कन्याः मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । रोकिएको धन हात लाग्ने र नयाँ अवसर मिल्नेछ ।

तुलाः प्रेम तथा पारिवारिक सम्बन्ध सुमधुर बन्नेछ । ब्यापारमा लाभ र नयाँ सम्पर्क स्थापित हुनेछन् ।

वृश्चिकः महत्वपूर्ण काममा सफलता मिल्नेछ । यात्राको अवसर आउन सक्छ, आर्थिक पक्ष बलियो बन्नेछ ।

धनुः नयाँ जिम्मेवारी प्राप्त हुनेछ । कार्यक्षेत्रमा प्रगति हुनेछ, मित्रबाट महत्वपूर्ण सहयोग पाइनेछ ।

मकरः आम्दानी बढ्ने सम्भावना छ । पारिवारिक सहयोग मिल्नेछ, पुराना समस्या समाधान हुनेछन् ।

कुम्भः नयाँ सम्पर्कले फाइदा पुऱ्याउनेछ । ब्यवसायमा प्रगति हुनेछ, अधुरा काम पूरा हुनेछन् ।

मीनः मन प्रसन्न रहनेछ । नयाँ अवसर प्राप्त हुनेछन्, प्रेम र पारिवारिक सम्बन्धमा सुख मिल्नेछ ।



**भाषण र प्रवचन सुनेका भरमा न आत्मिक उन्नति हुन्छ न आत्मकल्याण नै। उन्नति र प्रगतिका लागि पौरख गर्नुपर्ने हुन्छ, हात गोडा चलाउनुपर्ने हुन्छ। बलवीर्य र पराक्रम बिना संसारमा केही पनि उपलब्धि हुने वाला छैन। - कठोपनिषद्**

युवा जागरण मिडिया प्रा.लि. द्वारा प्रकाशित

राष्ट्रिय युवा जागरण साप्ताहिक — राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध

प्रधान सम्पादक : खगेन्द्र कार्की

डेक्स प्रमुख : सुप्रिया राई, संवाददाता सृजना कार्की

कानुनी सल्लाहकार : केदार कार्की (अधिवक्ता/कानुन व्यवसायी)

साजसज्जा : राष्ट्रिय युवा जागरण डेक्सटप
कार्यालय : विराटनगर, बरगाछी मोरङ,
मुद्रण: सामुदायिक अफसेट प्रेस, इटहरी
सम्पर्क : मोबाइल नं. ९८६२१४४९७५,
इटहरी कार्यालय : इटहरी-८, सुनसरी
फोन नं. ०२५-५८८६३२, मोबाइल नं. ९८६२१४४९७५
इमेल : yuvajagaranmedia@gmail.com

Website: fastmedianepal.com
Facebook : Rastriya yuva Jagaran Online Patrika

## सम्पादकीय

# सुशासन अभियानमा अदालतको अंकुश ?

भ्रष्टाचार नियन्त्रण र सुशासन कुनै सरकारको राजनीतिक नारा मात्र होइन, राज्यको आधारभूत दायित्व हो। सार्वजनिक पदमा बसेकाको सम्पत्ति छानबिन गर्ने, गैरकानुनी सम्पत्तिमाथि अनुसन्धान गर्ने र दोषी देखिए कारबाही अघि बढाउने अधिकार राज्यका सम्बन्धित निकायले प्रयोग गर्नैपर्छ। तर त्यस्तो अभियान अघि बढाउने क्रममा सरकारी तथा संवैधानिक निकायका निर्णय अदालतमा चुनौती पर्ने क्रम बढेपछि सुशासन र न्यायिक हस्तक्षेपबीचको सीमाबारे गम्भीर बहस आवश्यक भएको छ।

सम्पत्ति छानबिन आयोगविरुद्ध परेका रिट संवैधानिक इजलासमा पुग्नु यसको पछिल्लो उदाहरण हो। आयोगको गठन, अधिकार र कार्यक्षेत्रसँग जोडिएका संवैधानिक प्रश्न भएकाले त्यसको न्यायिक परीक्षण हुनु स्वाभाविक हो। संविधानले गम्भीर संवैधानिक प्रश्नमा संवैधानिक इजलासलाई अधिकार दिएको पनि छ। तर एउटा न्यायिक इजलासले प्रक्रिया अघि बढाइसकेपछि प्रशासनिक टिप्पणीका आधारमा मुद्दाको दिशा परिवर्तन गरिएको हो भने त्यसको प्रक्रियागत औचित्यबारे स्पष्टता आवश्यक हुन्छ। न्यायिक अधिकारको प्रयोग पनि पारदर्शी र विधिसम्मत हुनुपर्छ।

अदालतले सरकारका कामको कानुनी परीक्षण गर्नु न्यायिक दायित्व हो। भ्रष्टाचार नियन्त्रणको नाममा सरकारले कानुन मिच्न पाउँदैन। तर अर्कोतर्फ कानुनी आधारसहित भइरहेको अनुसन्धानलाई पटक–पटक प्रक्रियागत आदेशबाट अवरुद्ध गरिँदा त्यसको असर सुशासनमा पर्न सक्छ। गम्भीर आरोपमा अनुसन्धान भइरहेका व्यक्तिहरु अदालतको आदेशबाट हिरासतबाट मुक्त हुने घटनाले पनि अनुसन्धान र अभियोजन प्रणालीको प्रभावकारितामाथि प्रश्न उठाउने अवस्था सिर्जना गर्छ। यसको अर्थ अदालतले कसैको व्यक्तिगत स्वतन्त्रता संरक्षण गर्नु हुँदैन भन्ने होइन। पर्याप्त आधारबिना कसैलाई थुनामा राख्नु आफैंमा अन्याय हो। तर अनुसन्धानलाई निष्कर्षमा पुग्न नदिने अवस्था पनि न्यायको उद्देश्य हुन सक्दैन।

सम्पत्ति छानबिन आयोगको विवादमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायत विद्यमान संवैधानिक निकायसँग अधिकार क्षेत्र दोहोरिन्छ कि दोहोरिँदैन भन्ने प्रश्न पनि महत्वपूर्ण छ। राज्यका दुई निकायबीच अधिकारको अस्पष्टता रहे भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुनुको सट्टा झन् जटिल बन्न सक्छ। त्यसैले सरकारले नयाँ संयन्त्र गठन गर्दा संविधान र विद्यमान कानुनको पर्याप्त अध्ययन गर्नुपर्छ। कानुनी आधार कमजोर बनाएर संरचना खडा गर्ने अनि अदालतले प्रश्न उठाउँदा त्यसलाई सुशासनविरोधी कदम भन्नु पनि उचित हुँदैन।

अर्कोतर्फ अदालतले पनि आफ्नो प्रक्रियाप्रति विश्वास कायम गर्नुपर्छ। प्रधानन्यायाधीशलाई संविधानले दिएको अधिकारको प्रयोग गर्दा त्यसको प्रक्रिया, औचित्य र सीमा स्पष्ट देखिनुपर्छ। एउटा इजलासबाट अघि बढेको विषय अर्को प्रक्रियाबाट कसरी परिवर्तन हुन सक्छ भन्नेबारे स्पष्ट न्यायिक नजिर आवश्यक छ। यसले भविष्यमा यस्ता विवाद दोहोरिन नदिने आधार तयार गर्नेछ।

सुशासनको वास्तविक परीक्षा भाषण र पक्राउको संख्यामा होइन, निष्पक्ष परिणाममा हुन्छ। भ्रष्टाचारको आरोप लागेका व्यक्तिमाथि स्वतन्त्र र प्रमाणमा आधारित अनुसन्धान हुनुपर्छ। दोषी भए कानुनअनुसार सजाय हुनुपर्छ र निर्दोष भए सम्मानपूर्वक मुक्त हुनुपर्छ। सरकारको दबाबमा कसैलाई दोषी ठहर गर्न मिल्दैन, त्यस्तै पहुँच र प्रभावका कारण अनुसन्धान रोक्न पनि मिल्दैन।

त्यसैले अहिले सरकार, अनुसन्धान निकाय र अदालतबीच द्वन्द्व होइन, संवैधानिक सीमाभित्रको सहकार्य आवश्यक छ। सरकारलाई भ्रष्टाचारविरूद्ध कारबाही गर्ने अधिकारसँगै त्यसको कानुनी आधार बलियो बनाउने जिम्मेवारी छ। संवैधानिक निकाय स्वतन्त्र हुनुपर्छ। अदालतले कानुनको परीक्षण निष्पक्ष ढंगले गर्नुपर्छ।

सम्पत्ति छानबिन आयोगसम्बन्धी विवादको फैसला एउटा आयोगको भविष्यमा मात्र सीमित रहने छैन। यसले सुशासन अभियानको संवैधानिक सीमा, संवैधानिक निकायबीचको अधिकार क्षेत्र र प्रधानन्यायाधीशको प्रशासनिक अधिकार प्रयोगको सीमासमेत स्पष्ट गर्नेछ।


अदालत सुशासनको अवरोध होइन, संविधानको संरक्षक हो। सरकार पनि अदालतको प्रतिस्पर्धी होइन। दुवैको अन्तिम दायित्व संविधान र नागरिकप्रतिको जवाफदेहिता हो। त्यसैले सुशासनका नाममा कार्यकारी मनपरी पनि नहोस् र न्यायिक अधिकारका नाममा वैध अनुसन्धान पनि अवरूद्ध नहोस्। लोकतान्त्रिक शासनका लागि आवश्यक कुरा अंकुश होइन–संवैधानिक सन्तुलन र विधिको शासन हो।

---

**सरकारका कार्ययोजना**

# उपलब्धिको अंकगणित, परिणामको परीक्षा

### सरकारका सय कार्यसूचिमा ६२ सकिँदा बाचापत्रका पाँच वटा बाचा पूरा



◆ खगेन्द्र कार्की

सरकार गठनको सुरुआतमै सार्वजनिक गरिएको 'शासकीय सुधारसम्बन्धी सय कार्यसूची' महत्वाकांक्षी थियो। प्रशासनिक सुधारदेखि सुशासन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा, डिजिटल शासन, पूर्वाधार, ऊर्जा, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र कूटनीतिसम्मका विषय समेटिएको कार्यसूचीले राज्य सञ्चालनको पुरानो शैली बदल्ने दाबी गरेको थियो। लक्ष्य केवल सरकारी कार्यालयमा निर्णय गर्ने नभई नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा प्रवाह सुधार्ने थियो।

सरकार बनेको केही हप्ताभित्रै ल्याएको सय दिने कार्यसूचिको रफ्तार सुरुआती दिनहरुमा निकै महत्वका साथ अगाडि बढेपछि पछिल्ला दिनमा सुस्ताएको अनुभूति जनताले गर्न थालेका छन्। खास गरेर अदालती प्रक्रियामा अनुसन्धानका लागि गरिएको प्रयासहरु अदालतकै असहयोगका कारण सरकार पछि हट्नुपर्ने बाध्यता आएपछि अन्य कार्ययोजना समेत सुस्ताएको अनुभूति पनि जनताले नगरेका भने होइनन। यो आलेख तयार पर्दासम्म सय दिन कटेर निकै पर गईसकेको अवस्था छ। आफ्ना कामलाई जवाफदेही र जनताप्रति उत्तरदायी बनाउन हरेक दिनको कार्यसूचि अनुसारको कामको दस्तावेजीकरण गर्न स्थापना गरिएको वेवसाइट प्रतिपक्षका आधारमा हेर्ने हो भने सरकारले आफ्नो कार्यसूचीमध्ये ६२ वटा काम पूरा भएको र ३१ वटा काम जारी रहेको जनाएको छ। साथै सरकारले कार्यान्वयनका लागि अघि सारेका विभिन्न प्रतिबद्धता र बृहत् बाचापत्रतर्फ भने २५० मध्ये पाँचवटा पूर्ण, ३९ वटा आंशिक र २०६ वटा अझै अपुरा रहेको विवरण सार्वजनिक गरिएको छ। यी तथ्यांक सरकारकै मूल्यांकनमा आधारित भएकाले यसको अर्थ स्वतन्त्र रूपमा उपलब्धिको अन्तिम प्रमाण होइन। तर सरकारले आफैंले सार्वजनिक गरेको विवरणले पनि एउटा महत्वपूर्ण प्रश्न भने जन्माउँछ( सरकारका निर्णय, संरचना र प्रशासनिक गतिविधि बढे पनि त्यसको प्रत्यक्ष राहत नागरिकसम्म कति पुग्यो?

यही प्रश्न सय दिनको उपलब्धिको मुख्य मापन बन्नुपर्ने देखिन्छ।

सरकारले सय दिनका लागि तय गरेका काममध्ये सुशासन र प्रशासनिक सुधारतर्फ केही उल्लेखनीय कदम चालिएको जनाएको छ। सम्पत्ति छानबिन आयोगले प्रशासनिक तथा संस्थागत संरचना तयार गरी ११ हजारभन्दा बढी सम्पत्ति विवरण तथा उजुरी संकलन गरेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सातवटा मुद्दा दायर गरी १०१ जनालाई प्रतिवादी बनाउँदै रु. ११८ अर्बको बिगो मागदाबी गरेको सरकारी विवरण छ। यस्ता तथ्यांकले भ्रष्टाचार र अवैध सम्पत्तिमाथि अनुसन्धान गर्ने राज्यको सक्रियता बढेको संकेत गर्छ।

तर भ्रष्टाचार नियन्त्रणको वास्तविक सफलता मुद्दा दायर भएको संख्याले मात्र निर्धारण गर्दैन। अनुसन्धान निष्पक्ष भयो कि भएन, मुद्दा कानुनी निष्कर्षमा पुग्यो कि पुगेन, अवैध सम्पत्ति राज्यकोषमा फर्कियो कि फर्किएन र भविष्यमा त्यस्ता गतिविधि रोक्ने संस्थागत प्रणाली बन्यो कि बनेन भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ। त्यसैले सात मुद्दा र ११८ अर्बको बिगो मागदाबी सुरुआती उपलब्धि हुन सक्छ, अन्तिम परिणाम होइन।

सरकारले सट्टेबाजी एप र वेबसाइटमाथि पनि कडाइ गरेको जनाएको छ। विभिन्न सेवा प्रदायकमार्फत दुई लाखभन्दा बढी डोमेन लिंक बन्द गराइएको सरकारी विवरण छ। निजी सम्पत्तिमाथि आक्रमण र लुटपाटमा संलग्न १३ हजार ६९६ जनालाई नियन्त्रणमा लिई ६ हजार १९५ मुद्दा दर्ता गरिएको तथा औद्योगिक र व्यावसायिक सुरक्षाका लागि ७७ जिल्लामा द्रुत प्रतिकार्य संयन्त्र स्थापना गरिएको सरकारको दाबी छ।

यी कदमले राज्यको सुरक्षा संयन्त्र परिचालन भएको देखाउँछन्। तर जनताको दृष्टिमा यसको मूल्यांकन सुरक्षा संयन्त्र कति सक्रिय भयो भन्नेभन्दा पनि उद्योग, व्यवसाय र नागरिकले कति सुरक्षित महसुस गरे भन्नेबाट हुन्छ। सरकारले औद्योगिक क्षेत्रका उद्योगबाट रु. ४३ करोड ४८ लाख २१ हजार बक्यौता उठाएको र रकम नतिर्ने ३३ उद्योगको विद्युत् सेवा बन्द गरेको पनि जनाएको छ। राज्यको सम्पत्ति र सार्वजनिक स्रोतको संरक्षणका दृष्टिले यो सकारात्मक कदम भए पनि उद्योग चल्ने वातावरण, उत्पादन बढ्ने अवस्था र रोजगारी सिर्जना हुने परिणामसँग जोडेर हेर्नुपर्ने हुन्छ।

प्रशासनिक पुनर्संरचनामा सरकारले ३१ वटा निकाय खारेज, छवटा मर्जर, छवटा हस्तान्तरण र १८ वटा निकायको पुनर्संरचना प्रक्रिया अघि बढाएको जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालयको संख्या २२ बाट १८ मा झारिएको छ। पूर्वपदाधिकारी र पहुँचवालाले नियमविपरीत प्रयोग गरेका ६७२ सरकारी गाडी तथा मोटरसाइकल फिर्ता ल्याइएको दाबी पनि छ।

यी निर्णयले सरकारको खर्च र संरचना घटाउने प्रयास देखाउँछन्। तर संरचना घटाउनु मात्रै प्रशासनिक सुधारको अन्तिम लक्ष्य होइन। कार्यालय घटेपछि सेवा छिटो भयो कि भएन, कर्मचारीको जिम्मेवारी स्पष्ट भयो कि भएन, नागरिकले एउटै कामका लागि धेरै कार्यालय धाउनुपर्ने अवस्था घट्यो कि घटेन भन्ने प्रश्न यसको वास्तविक परीक्षण हो।

यही क्षेत्रमा सरकारले नागरिक सेवातर्फ केही सुधारको दाबी गरेको छ। सबै जिल्लाका स्थानीय तहबाट अनलाइन प्रणालीमार्फत नागरिकता सिफारिस गर्न सकिने व्यवस्था मिलाइएको छ। कम्पनी रजिष्ट्रारको कार्यालय तथा १२० स्थानीय तहबाट स्थायी लेखा नम्बरसमेत करदाता सेवा लिन सकिने व्यवस्था गरिएको छ। वार्षिक रु. २० करोडभन्दा बढी कारोबार गर्ने ९४० करदातालाई केन्द्रीय बिजक अनुगमन प्रणालीमा आबद्ध गरिएको छ।

डिजिटल सेवा विस्तारका यी प्रयासले राज्य र नागरिकबीचको दूरी घटाउने सम्भावना राख्छन्। तर डिजिटल शासनको सफलता वेबसाइट, सफ्टवेयर वा अनलाइन फाराम बनेको संख्याले मात्र मापन हुँदैन। नागरिकले सेवा लिन कार्यालय धाउनुपर्ने समय घट्यो कि घटेन, कागजी झन्झट कम भयो कि भएन र सेवामा बिचौलियाको भूमिका घट्यो कि घटेन भन्ने कुराले यसको प्रभाव निर्धारण गर्छ।

सवारी चालक अनुमतिपत्र वितरणमा पनि सरकारले प्रगति देखाएको छ। पूर्वाधार विकास मन्त्रालयले ४ लाख ४७ हजार ३३२ वटा लाइसेन्स सम्बन्धित यातायात कार्यालयमा पुऱ्याएको र कास्की तथा मोरङमा घरघरमा लाइसेन्स पुऱ्याउने काम सुरु भएको जनाएको छ। यो तत्काल राहत दिने प्रकृतिको काम हो। लामो समय लाइसेन्स पर्खिरहेका नागरिकका लागि छापिएको लाइसेन्स हात पर्नु आफैंमा प्रत्यक्ष उपलब्धि हो। तर लाइसेन्स छपाइको पुरानो समस्या समाधान गर्नुका साथै भविष्यमा फेरि लामो 'ब्याकलग' नहुने प्रणाली विकास गर्न सकिए मात्र यो सुधार दीर्घकालीन बन्न सक्छ।

शिक्षामा पनि सरकारले समयमै नतिजा प्रकाशन गर्ने अभ्यास सुरु गरेको जनाएको छ। एसईईको नतिजा एक महिना, कक्षा १२ को ४० दिन र विश्वविद्यालयको नतिजा ६५ दिनभित्र प्रकाशन गर्ने अभ्यास सुरु भएको छ। त्रिभुवन विश्वविद्यालयका अध्ययन बिदामा गएर नफर्किएका चार सय प्राध्यापकमाथि कारबाही गरी करिब रु. १३ करोड २६ लाख राजस्व फिर्ता ल्याइएको दाबी पनि छ।

यी कदमले शिक्षा क्षेत्रमा समयपालन र जवाफदेहिताको विषय उठाएको छ। तर विद्यार्थीका लागि नतिजा छिटो आउनु मात्रै पर्याप्त छैन। शिक्षाको गुणस्तर, शिक्षकको उपलब्धता, विश्वविद्यालयमा राजनीतिक हस्तक्षेप, अनुसन्धानको अवस्था र रोजगारीसँग शिक्षाको सम्बन्ध पनि सुधारिनुपर्छ। सरकारले विश्वविद्यालयमा मेरिटमा आधारित नियुक्ति र दलीय हस्तक्षेप निषेध गर्ने नीति अघि सारेको भए यसको दीर्घकालीन परिणाम हेर्न बाँकी छ।

कृषि क्षेत्रमा सरकारले तीन करोड रुपैयाँसम्मको कृषि कर्जाको जोखिम भार ७५ प्रतिशतबाट घटाएर ६० प्रतिशत कायम गरेको छ। यसको उद्देश्य कृषि क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानी बढाउनु हो। किसानका लागि यो वित्तीय पहुँच विस्तार गर्ने नीति हुन सक्छ। तर किसानको मूल समस्या ऋण पाउनु मात्रै होइन। मल, बीउ, सिँचाइ, उत्पादन लागत, बजार, बिचौलिया र उचित मूल्यको समस्या समाधान नभएसम्म ऋणले मात्र कृषि क्षेत्रको रूपान्तरण गर्न सक्दैन।

सरकारले १३ वटा चिनी मिलबाट ६८ हजार किसानले पाउनुपर्ने रु. १३ अर्ब ७६ करोडमध्ये ९२ प्रतिशत भुक्तानी भएको जनाएको छ। गहुँ, चैते धान र वर्षे धानको न्यूनतम समर्थन मूल्य तोकिएको तथा ८९ हजार १९४ मेट्रिक टन अनुदानित रासायनिक मल वितरण गरिएको विवरण पनि सार्वजनिक गरिएको छ। यी कदम किसानका लागि तत्काल राहतसँग जोडिएका छन्। तर कृषि नीतिको सफलता किसानले उत्पादन गरेपछि समयमै भुक्तानी पाउने, लागतअनुसार मूल्य पाउने र उत्पादनको बजार सुनिश्चित हुने अवस्थाले निर्धारण गर्नेछ।

रोजगारी र वैदेशिक रोजगारीको क्षेत्रमा सरकारका उपलब्धि तुलनात्मक रूपमा प्रत्यक्ष देखिन्छन्। सबै ७५३ स्थानीय तहका रोजगार सेवा केन्द्रलाई 'रोजगार, सीप र उद्यमशीलता केन्द्र'मा रूपान्तरण गर्ने काम अघि बढाइएको छ। वैदेशिक रोजगारसम्बन्धी व्यक्तिगत तथा संस्थागत ठगीका एक हजार चार मुद्दा तथा उजुरी फछ्र्योट गरी पीडितलाई रु. ३० करोड ७४ लाख २० हजार क्षतिपूर्ति असुलउपर गरिएको र श्रम मन्त्रालयमा एक्सन कमाण्ड सेन्टर स्थापना गरी एक हजार ६६३ गुनासो सम्बोधन गरिएको सरकारी विवरण छ।

यसले समस्यामा परेका व्यक्तिलाई प्रत्यक्ष राहत दिन सक्छ। तर नेपालको श्रम बजारको मूल समस्या अझै ठूलो छ। युवालाई वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता कम गर्ने गरी देशभित्र पर्याप्त रोजगारी सिर्जना गर्न सक्नु सरकारको दीर्घकालीन परीक्षा हो। रोजगार केन्द्रको नाम परिवर्तन गरेर मात्र रोजगारी सिर्जना हुँदैन; सीप, उद्योग, लगानी र बजारलाई जोड्नुपर्ने हुन्छ।

परराष्ट्र क्षेत्रमा भने सरकारले संकटमा परेका नेपालीको उद्धारलाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरेको छ। पश्चिम एसिया संकटका क्रममा २४ घण्टे हटलाइनसहितको संयन्त्र बनाएर एक हजार ४७ नेपाली तथा दक्षिणपूर्वी एसियाबाट ८१९ नेपालीको उद्धार गरिएको जनाएको छ। वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि संकटको समयमा राज्य उपस्थित हुनु प्रत्यक्ष अर्थमा राहत हो। यसले परराष्ट्र नीति कागजी दस्तावेज मात्र नभई नागरिक सुरक्षासँग जोडिनुपर्ने आवश्यकता देखाउँछ।

पूर्वाधारतर्फ सरकारले ५७८ रुग्ण आयोजनाको विस्तृत अध्ययन गरेको, त्यसमध्ये २५० सम्पन्न भएको र १५३ ढलान भएको जनाएको छ। आठ ठूला राष्ट्रिय आयोजनाको सघन अनुगमन, खानेपानी आयोजनामा स्थानीय तहको लागत साझेदारी घटाउने तथा रणनीतिक तौल पुल निर्माणजस्ता काम पनि अघि बढाइएको छ। यस्ता कामको प्रभाव भने तत्कालभन्दा दीर्घकालमा देखिन्छ। रुग्ण आयोजना सम्पन्न हुनु राज्यको पूँजीगत खर्चको प्रभावकारिता बढाउने महत्वपूर्ण कदम हुन सक्छ।

ऊर्जा क्षेत्रमा १३८ मेगावाट विद्युत् थप भई राष्ट्रिय ग्रिडको कुल क्षमता ४ हजार २४२ मेगावाट पुगेको, ४७२.४३ गिगावाट घण्टा विद्युत् निर्यात भएको तथा ग्रामीण क्षेत्रमा २८ हजार विद्युतीय चुलो र १३ हजार ४४२ किलोवाट रुफटप सौर प्रणाली जडान भएको सरकारको विवरण छ। ऊर्जा उत्पादन, खपत र निर्यातलाई एउटै रणनीतिमा जोड्न सके नेपालको अर्थतन्त्रमा यसको प्रभाव ठूलो हुन सक्छ। तर ऊर्जा उत्पादन बढ्नुको लाभ उद्योग र रोजगारीमा रूपान्तरण हुनु पनि उत्तिकै आवश्यक छ।

स्वास्थ्यतर्फ १९६ अस्पताल आबद्ध रहेको निःशुल्क स्वास्थ्य पोर्टलमा तीन हजार ४५ निःशुल्क शय्या उपलब्ध गराइएको, १६ संघीय अस्पतालमा मनोसामाजिक परामर्श केन्द्र स्थापना गरिएको तथा खाद्य स्वच्छता र कीटनाशक अवशेष परीक्षण विस्तार गरिएको सरकारी विवरण छ। स्वास्थ्य सेवा नागरिकको जीवनसँग प्रत्यक्ष जोडिने भएकाले यहाँ घोषणा र परिणामबीचको दूरी सबैभन्दा कम हुनुपर्छ। अस्पतालमा शय्या छ कि छैन, औषधि उपलब्ध छ कि छैन र उपचारका लागि नागरिकले ऋण लिनुपर्छ कि पर्दैन भन्ने नै वास्तविक मापदण्ड हो।

सरकारले भूमिहीन समस्या समाधानतर्फ ७७ वटै जिल्लामा समिति सक्रिय बनाएको र बर्दियामा २९ भूमिहीनलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गरेको जनाएको छ। एउटा परिवारले वर्षौंपछि जमिनको स्वामित्व पाउनु सरकारका सयौं प्रशासनिक निर्णयभन्दा ठूलो प्रत्यक्ष राहत हुन सक्छ। तर भूमिहीनको संख्या र समस्या व्यापक भएकाले केही परिवारमा प्रमाणपूर्जा वितरणलाई समाधानको अन्तिम बिन्दु मान्न सकिँदैन।

यही कारण सय दिनको उपलब्धिको बहसमा 'कति निर्णय भए?' भन्दा 'कति जीवन परिवर्तन भयो?' भन्ने प्रश्न महत्वपूर्ण हुन्छ।

सरकारका तथ्यांकमा संरचना निर्माण, समिति गठन, प्रणाली विकास, मुद्दा दायर, उद्धार, रकम असुली र सेवा विस्तारजस्ता धेरै उपलब्धि देखिन्छन्। यसलाई शून्य उपलब्धि भन्न मिल्दैन। तर नागरिकले सरकारलाई फाइल, बैठक र निर्णयबाट होइन, आफ्नो दैनिक अनुभवबाट मूल्यांकन गर्छन्।

# साप्ताहिक घटनाक्रम कहाँ के भयो ?

**२०८३ साउन २७ गते, बुधबार - १२ अगस्ट २०२६**

- अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो : नेपालसहित विश्वभर 'युवा स्थानीय र विश्वव्यापी विकासका लागि बहुमुखी साझेदारी' लगायतका सन्देशसहित अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो । नेपालमा युवाको रोजगारी, सीप, उद्यमशीलता र विदेश पलायन रोक्ने विषय प्रमुख बहसमा रहे ।
- पत्रकार किशोर श्रेष्ठ पक्राउ : ललितपुरको कुसुन्तीबाट पत्रकार किशोर श्रेष्ठ पक्राउ परे । उनको पक्राउ र त्यससँग जोडिएको कानुनी प्रक्रियालाई लिएर पत्रकारिता क्षेत्र तथा राजनीतिक वृत्तमा बहस भयो ।
- पत्रकार श्रेष्ठको विषयमा राजनीतिक प्रतिक्रिया : पत्रकार पक्राउ परेपछि उपसभामुख रुबी ठाकुरको सामाजिक सञ्जाल अभिव्यक्तिलाई लिएर समेत विवाद उत्पन्न भयो । घटनाले प्रेस स्वतन्त्रता, राज्यको अनुसन्धान अधिकार र अभिव्यक्ति स्वतन्त्राताबीचको सीमाबारे प्रश्न उठायो ।
- सरकारका नियमित कामकारबाही : संसद्, मन्त्रालय तथा विभिन्न सरकारी निकायका नियमित बैठक, निर्णय र सेवा प्रवाहसम्बन्धी काम अघि बढे ।

**२०८३ साउन २८ गते, बिहीबार - १३ अगस्ट २०२६**

- पत्रकार श्रेष्ठको घर तथा कार्यालयमा खानतलासी : उपत्यका अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले पत्रकार किशोर श्रेष्ठको घर तथा कार्यालयमा खानतलासी गरेको समाचार सार्वजनिक भयो । घटनाले अनुसन्धानको अधिकार र सञ्चारकर्मीको व्यावसायिक सुरक्षाबारे थप बहस जन्मायो ।
- दशौँ राष्ट्रिय खेलकुदको मिति फेरि तोकियो : लामो समयदेखि अन्योलमा रहेको दशौँ राष्ट्रिय खेलकुदको आयोजना मिति पुनः निर्धारण गर्ने विषय चर्चामा आयो । खेल पूर्वाधार, तयारी र प्रतियोगिता सञ्चालन क्षमताबारे समेत प्रश्न उठे ।
- स्वास्थ्य बीमा डिजिटल बनाउने तयारी : स्वास्थ्य बीमा बोर्डले अनलाइन नवीकरण तथा डिजिटल कार्ड प्रयोगलाई अघि बढाउँदै सेवाग्राहीलाई प्रविधिमार्फत सेवा लिन सक्ने व्यवस्था विस्तार गरिरहेको जनाएको छ । बोर्डले डिजिटल कार्डमार्फत स्वास्थ्य सेवा लिन सकिने व्यवस्था यसअघि नै अघि बढाएको छ ।
- अर्थतन्त्रमा सेयर बजारको उतारचढाव : साताको कारोबारमा सेयर बजार, सुनचाँदी तथा विदेशी मुद्राको मूल्यले लगानीकर्ताको ध्यान ताने । आर्थिक गतिविधिमा निजी क्षेत्रको भूमिका र लगानी वातावरणबारे पनि बहस चल्यो ।

**२०८३ साउन २९ गते, शुक्रबार - १४ अगस्ट २०२६**

- पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा स्वदेश फर्किए : लामो समयपछि पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा नेपाल फर्किए । उनलाई स्वागत गर्न कांग्रेसका नेता-कार्यकर्ताको विमानस्थलमा बाक्लो उपस्थिति रह्यो ।
- कांग्रेसभित्र राष्ट्रिय भेलाको तयारी : कांग्रेसको इतर समूहले राष्ट्रिय भेलाको तयारी तीव्र बनायो । पार्टीभित्रको आन्तरिक शक्ति संघर्ष, नेतृत्व र आगामी राजनीतिक रणनीति बहसको केन्द्रमा रह्यो ।
- उपसभामुख र पत्रकार पक्राउ प्रकरण चर्चामा : पत्रकार किशोर श्रेष्ठको पक्राउसँग जोडिएको उपसभामुखको अभिव्यक्ति तथा त्यसविरुद्धको प्रतिक्रिया राजनीतिक वृत्तमा चर्चित रह्यो । पछि पत्रकारलाई रिहा गर्न सर्वोच्च अदालतबाट परमादेशसमेत जारी भएको विषय सार्वजनिक भयो ।
- स्वास्थ्य बीमा अनलाइन सेवा विस्तार : स्वास्थ्य बीमामा अनलाइनबाट आबद्ध हुने तथा नवीकरण गर्ने व्यवस्था कार्यान्वयनतर्फ अघि बढेको समाचार आयो । डिजिटल सेवाले सेवाग्राहीको कार्यालय धाउने झन्झट घटाउने अपेक्षा गरिएको छ ।
- नेपालको एआई क्षेत्रमा नयाँ पहल : नेपालमा स्थानीय भाषा, शिक्षा, सार्वजनिक संस्था तथा व्यवसायमा कृत्रिम बुद्धिमत्ता प्रविधिको प्रयोग विस्तार गर्ने उद्देश्यले 'सर्वम् फरवार्ड नेपाल' कार्यक्रम सञ्चालनको तयारी अन्तिम चरणमा पुग्यो ।

**२०८३ साउन ३० गते, शनिबार - १५ अगस्ट २०२६**

- नाइमा मोबिलिटी एक्स्पो जारी : काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन भइरहेको नाइमा नेपाल मोबिलिटी एक्स्पोमा विद्युतीय तथा हाइब्रिड सवारीसाधनप्रति उपभोक्ताको आकर्षण देखियो । एक्स्पोमा विभिन्न ब्रान्डका नयाँ मोडल सार्वजनिक तथा बुकिङ भएका छन् ।
- नेपाल टेलिकमको नाफा वृद्धि : नेपाल टेलिकमको खुद मुनाफा अघिल्लो अवधिको तुलनामा ४७.५८ प्रतिशतले बढेको तथ्यांक सार्वजनिक भयो । दूरसञ्चार क्षेत्रमा सेवा विस्तार र डिजिटल कारोबार बढ्दै गएको अवस्थामा कम्पनीको वित्तीय अवस्था सुधारिएको देखियो ।
- विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागिताबारे बहस : निजी क्षेत्रलाई विद्युत् व्यापारमा सहभागी गराउने विषयमा उद्योग तथा ऊर्जा क्षेत्रका सरोकारवाला बीच बहस भयो । विद्युत् उत्पादन बढिरहेको अवस्थामा बजार विस्तार र निर्यातलाई प्राथमिकता दिनुपर्ने आवाज उठ्यो ।
- सहुलियतपूर्ण कर्जाको तयारी : नवयुवा आन्दोलनका शहीद परिवार तथा घाइतेलाई लक्षित गरी ५० लाख रुपैयाँसम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने विषय चर्चामा आयो । प्रभावित परिवारलाई राहतसँगै आर्थिक पुनर्स्थापनासँग जोड्ने प्रयासका रूपमा यसलाई हेरियो ।
- तातोपानी नाका प्रभावित : करिब एक महिनादेखि तातोपानी नाका बन्द हुँदा चीनसँगको आयात-निर्यात प्रभावित भएको विषय पुनः चर्चामा आयो । व्यापारिक गतिविधि प्रभावित हुँदा व्यवसायीले नाका तत्काल सञ्चालन गर्न माग गरे ।

**२०८३ साउन ३१ गते, आइतबार - १६ अगस्ट २०२६**

- भारतीय सेनाध्यक्ष नेपाल भ्रमणमा : भारतीय सेनाका प्रमुख जनरल धीरज सेठ पाँचदिने नेपाल भ्रमणका लागि काठमाडौं आइपुगे । नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलको निमन्त्रणामा भएको भ्रमणमा दुई देशका सेनाबीचको सम्बन्ध, सुरक्षा सहकार्य र द्विपक्षीय सैन्य सम्बन्ध प्रमुख विषय बने ।
- ब्रोड पिक आरोहणमा नेपालीको मृत्यु : पाकिस्तानस्थित ब्रोड पिक आरोहणका क्रममा ज्यान गुमाएका नेपालीसहितका आरोहीको शव नेपाल ल्याउने तथा परिवारलाई हस्तान्तरण गर्ने प्रक्रिया अघि बढ्यो । पर्वतारोहण सुरक्षाको विषय पुनः बहसमा आयो ।
- गौतमबुद्ध र पोखरा विमानस्थल सञ्चालनबारे सरकारको योजना : काठमाडौं बाहिरका गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न सरकारले टिकट, इन्धनलगायतमा सहुलियत दिने कार्ययोजना अघि सारेको बतायो ।
- अन्तर्राष्ट्रिय नेपाली फिल्म अवार्ड सम्पन्न : काठमाडौंमा तेस्रो अन्तर्राष्ट्रिय नेपाली फिल्म अवार्ड सम्पन्न भयो । निर शाह र विपिन कार्की उत्कृष्ट अभिनेताका रूपमा सम्मानित हुँदा मिरुना मगर उत्कृष्ट अभिनेत्री तथा 'ऊनको स्वीटर' उत्कृष्ट चलचित्र घोषित भयो ।
- प्राकृतिक विपद्को जोखिम बढ्यो : मनसुन सक्रिय रहँदा विभिन्न जिल्लामा पहिरो, बाढी तथा सडक अवरोधका घटना सार्वजनिक भए । विपद् व्यवस्थापन र पूर्वतयारीमा स्थानीय तह तथा सुरक्षा निकाय सक्रिय रहे ।

**२०८३ भदौ १ गते, सोमबार - १७ अगस्ट २०२६**

- नागपञ्चमी मनाइयो : भदौ १ गते नागपञ्चमी पर्व मनाइयो । काठमाडौं उपत्यकासहित विभिन्न क्षेत्रमा नागको पूजा तथा धार्मिक गतिविधि भए । कीर्तिपुरमा बाघभैरव जात्रालगायतका स्थानीय सांस्कृतिक गतिविधि पनि सञ्चालन भए ।
- अन्तर्राष्ट्रिय नेपाली फिल्म अवार्डको चर्चा : अघिल्लो दिन सम्पन्न इन्फा अवार्डमा उत्कृष्ट कलाकार तथा चलचित्र घोषणा भएपछि नेपाली फिल्म क्षेत्रका उपलब्धि र अन्तर्राष्ट्रिय बजार विस्तारबारे बहस भयो ।
- सरकारको कार्यशैलीमाथि बहस : प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले मन्त्रालयगत सुधारपछि संस्थान र विभागको संरचनामा समेत सुधार गर्ने योजनालाई अघि बढाएको विषय चर्चामा रह्यो । सरकारको 'मास्टर प्लान' कार्यान्वयन र त्यसको प्रभावबारे राजनीतिक वृत्तमा बहस भयो ।
- सार्वजनिक सेवामाथि नागरिकको चासो : स्वास्थ्य, पूर्वाधार, ग्यास आपूर्ति तथा सरकारी सेवा प्रवाहसँग सम्बन्धित समस्यालाई लिएर सरकारमाथि जनदबाब बढिरहेको देखियो ।

**२०८३ भदौ २ गते, मंगलबार - १८ अगस्ट २०२६**

- सरकार र दुर्गा प्रसाईं नेतृत्वको महाअभियानबीच वार्ता : सरकार र दुर्गा प्रसाईं नेतृत्वको महाअभियानबीच औपचारिक वार्ता सुरु भयो । पछिल्लो समय सरकारविरुद्ध उठेका राजनीतिक तथा सामाजिक असन्तुष्टिलाई संवादमार्फत सम्बोधन गर्ने प्रयासका रूपमा यसलाई हेरिएको छ ।
- प्रधानमन्त्री बालेन्द्र शाह र भारतीय सेनाध्यक्षबीच भेटवार्ता : प्रधानमन्त्री शाहले नेपाल भ्रमणमा रहेका भारतीय सेनाध्यक्ष जनरल धीरज सेठसँग शिष्टाचार भेटवार्ता गरे । भेटमा नेपाल-भारत सम्बन्ध तथा सुरक्षा सहकार्यका विषयमा छलफल भएको बताइएको छ ।
- पहिलो महिनामै ३ अर्ब ७७ करोड रुपैयाँको एफडीआई प्रतिबद्धता : चालु आर्थिक वर्षको पहिलो महिनामै ३ अर्ब ७७ करोड रुपैयाँ बराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता आएको तथ्यांक सार्वजनिक भयो । लगानी वातावरण सुधार गर्ने सरकारको प्रयासका बीच आएको यो प्रतिबद्धतालाई सकारात्मक संकेतका रूपमा हेरिएको छ ।
- राजस्व संकलनमा सुरुआती वृद्धि : चालु आर्थिक वर्षको पहिलो महिनामै राजस्व संकलनमा वृद्धि भएको तथ्यांक सार्वजनिक भयो । सरकारले राजस्व प्रशासन सुधार तथा कर प्रणालीलाई डिजिटल बनाउने प्रयासलाई प्राथमिकतामा राखेको छ ।
- डीडीसीको ३५ करोड बक्यौता : दुग्ध विकास संस्थानले करिब २३५ दुग्ध सहकारीलाई करिब ३५ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको विवरण संसद्मा प्रस्तुत भयो । मन्त्रीले विगतको लामो भुक्तानी चक्रलाई छोट्याएर केही सुधार भएको दाबी गरे ।
- ग्यास अभाव र महँगीप्रति जनआक्रोश : काठमाडौंमा ग्यासका लागि लामो लाइन लाग्नुपर्ने अवस्था र विद्युतमा भ्याटसम्बन्धी विषयलाई लिएर सरकारप्रति जनअसन्तुष्टि बढेको विषय सार्वजनिक बहसमा आयो । उपभोक्ताको दैनिक जीवनसँग जोडिएका यस्ता समस्या सरकारका लागि तत्काल सम्बोधन गर्नुपर्ने मुद्दा बने ।
- किंग्रेसद्वारा संविधान संशोधन सुझाव आयोगको माग : कांग्रेसले संविधान संशोधनका विषयमा सुझाव संकलन गर्न आयोग गठन गर्नुपर्ने माग गर्दै सरकारको शासकीय शैलीप्रति आपत्ति जनायो । संविधान संशोधन र शासन प्रणाली सुधार आगामी राजनीतिक बहसको प्रमुख विषय बन्ने संकेत देखियो ।

**साताको समग्र तस्वीर**

- साउन २७ देखि भदौ २ सम्मको सातामा सरकारको कार्यशैली, सुशासन, प्रेस स्वतन्त्रता, महँगी तथा आपूर्ति, वैदेशिक लगानी, पूर्वाधार, भारतसँगको सम्बन्ध र विपक्षी दलसँगको राजनीतिक सम्बन्ध प्रमुख विषयका रूपमा देखिए । एकातिर सरकारले प्रशासनिक तथा संरचनागत सुधारको दाबी गरिरहेको छ भने अर्कोतिर ग्यास, महँगी, विपद्, किसान तथा दुग्ध उत्पादकको भुक्तानीजस्ता जनजीविकाका विषय सरकारका लागि चुनौती बनेका छन् ।
- साताको अन्त्यतिर सरकार र दुर्गा प्रसाईं नेतृत्वको समूहबीच औपचारिक वार्ता सुरु हुनु तथा प्रधानमन्त्री शाहले भारतीय सेनाध्यक्षसँग भेटवार्ता गर्नु राजनीतिक र कूटनीतिक दृष्टिले उल्लेखनीय घटनाका रूपमा रहे । अर्थतर्फ वैदेशिक लगानी प्रतिबद्धता र राजस्व संकलनमा सुधारका संकेत देखिए पनि उपभोक्ताको भान्सासम्म पुगेको महँगी र आपूर्ति समस्याले सरकारको सुशासन तथा सेवा सुधारको दाबीलाई निरन्तर परीक्षण गरिरहेको छ ।

## यो साता : विपत्ति र दुर्घटना

साउन २७ देखि भदौ २ सम्म नेपालमा बाढी, पहिरो र सवारी दुर्घटनाका दुःखद घटना प्रमुख रुपमा देखिए । विशेषगरी रोल्पाको पहिरो, जाजरकोटको पहिरो, सल्यानको भेरी नदी दुर्घटना र मकवानपुरको स्कारपियो दुर्घटना साताका चर्चित विपत्ति बने ।

**१. रोल्पामा पहिरोले ठूलो मानवीय क्षति**

साउन २७ गते राति रोल्पाको थबाङ गाउँपालिका(५ उवाको कोटलबारा क्षेत्रमा गएको भीषण पहिरोमा १२ जनाको मृत्यु भयो । त्यसपछि साउन २८ गते सुनछहरी क्षेत्रमा थप चार जनाको मृत्यु भयो । साउन महिनामा मात्रै रोल्पामा बाढी, पहिरो र चट्याङबाट २२ जनाको मृत्यु भएको विवरण सार्वजनिक भयो ।

**२. सल्यानमा जिप भेरी नदीमा खस्यो**

साउन २७ गते सल्यानको वनगाड कुपिण्डे नगरपालिका(१ बाङ्गिरह नजिकै जिप भेरी नदीमा खस्दा दुई जना बेपत्ता र दुई जना घाइते भए । बेपत्ता व्यक्तिको खोजीका लागि सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

**३. जाजरकोटमा पहिरो, दुईको मृत्यु**

अविरल वर्षापछि जाजरकोटको भेरी नगरपालिका(२ रिसाङ क्षेत्रमा गएको पहिरोमा दुई जनाको मृत्यु भयो । पहिरोमा परी अन्य व्यक्ति घाइते हुनुका साथै ठूलो संख्यामा स्थानीय विस्थापित भए ।

**४. जाजरकोटका बस्ती थप जोखिममा**

भदौ २ गते नलगाड नगरपालिका(१३ मा भलबाढी र पहिरोका कारण १९ घरपरिवार प्रभावित भए । जमिन चिरिने, भासिने र बग्ने क्रम बढेपछि स्थानीय बस्ती जोखिममा परेको थियो ।

**५. मकवानपुरमा स्कारपियो दुर्घटना**

भदौ २ गते मकवानपुरको भीमफेदी गाउँपालिका(६ जुरिखेतमा स्कारपियो सडकबाट करिब ६० मिटर तल खस्दा न्यायाधीशसहित छ जना घाइते भए । घाइतेमध्ये केहीलाई थप उपचारका लागि काठमाडौं लगिएको थियो । उपचारका क्रममा ४९ वर्षीया लक्ष्मी बडुको मृत्यु भएको समाचार सार्वजनिक भयो ।

**६. धनकुटामा बस दुर्घटना**

साउन ३१ गते धनकुटाको साँगुरीगढी गाउँपालिका(६ चारखोले गोलाइमा यात्रुवाहक बस दुर्घटना हुँदा तीन जना घाइते भए । धरानबाट तेह्रथुमतर्फ जाँदै गरेको बस अनियन्त्रित भएर सडकछेउमा पल्टिएको थियो ।

**७. देशभरका राजमार्ग बाढी(पहिरोको चपेटामा**

साताभर लगातारको वर्षाका कारण विभिन्न स्थानमा बाढी र पहिरो जाँदा मुख्य राजमार्ग तथा ग्रामीण सडक प्रभावित भए । कतिपय सडक अवरूद्ध हुँदा यात्रु तथा मालवाहक सवारीसाधनले सास्ती खेपे ।

**८. रोल्पामा विपद्को क्षति बढ्दै**

रोल्पामा साउन २७ गतेदेखि भएका विपद्का घटनाले जिल्लाको जोखिम पुनः उजागर गर्‍यो । बाढी र पहिरोबाट भएको ठूलो जनधनको क्षतिपछि उद्धार, राहत र पुनर्निर्माणका लागि सरकारको ध्यानाकर्षणसमेत गराइएको थियो ।

**९. मनसुनजन्य विपद्को जोखिम कायमै**

नेपालमा मनसुनजन्य विपद्को जोखिम साताभर उच्च रह्यो । उपलब्ध तथ्यांकअनुसार अप्रिल १४ देखि अगस्ट १४ सम्म बाढी, पहिरो, चट्याङ, भारी वर्षा र हिमपहिरोजस्ता घटनामा ८५ जनाको मृत्यु भइसकेको थियो ।

**१०. भारतको उत्तराखण्ड सुरूङ दुर्घटनाले नेपालीलाई पनि झस्कायो**

साताकै क्रममा भारतको उत्तराखण्डमा निर्माणाधीन सुरूङमा पानी र भग्नावशेषसहित पहिरो खस्दा सात कामदारको मृत्यु र तीन जना बेपत्ता भएको घटना चर्चामा रह्यो । यसअघि उत्तराखण्डकै बाढीपहिरोमा नेपाली नागरिकसमेत बेपत्ता भएको विवरण सार्वजनिक भएको थियो ।

### ब्यवसायीलाई खेलकुदसँग जोड्दै उद्योग वाणिज्य संघ

## बस्तुगत संघ फुटसल प्रतियोगिताको तयारी

दमक/ दमक उद्योग वाणिज्य संघले ३६ औ स्थापना दिवस तथा वार्षिक उत्सवको अवसरमा आगामी भाद्र ५ र ६ गते दुईदिन अन्तर बस्तुगत संघ फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ । मंगलबार संघको सभाहलमा आयोजित पत्रकार सम्मेलन मार्फत सो जानकारी गराइएको हो ।

कार्यक्रमको नेपाल उद्योग वाणिज्य महासंघका खेलकुद समिति सभापति कृष्ण कटुवालको प्रमुख आतित्थ्यतामा भाद्र ५ गते विहान ७:३० वजे उद्घाटन हुने जनाइएको छ । प्रतियोगितामा अन्तर बस्तुगत संघ अन्तरगतका ११ वटा टिम सहभागी हुने दमक उद्योग वाणिज्य संघका अध्यक्ष देवीप्रसाद गुरागाईंले जानकारी दिए । प्रतियोगितामा प्रथम पुरस्कार ३३ हजार ३ सय ३३ रुपैयाँ, दोस्रो पुरस्कार २२ हजार २ सय २२ रुपैयाँ र तेस्रो पुरस्कार अर्थात अनुशासित टिमलाई ३ हजार ३ सय ३३ रुपैयाँ वितरण गरिने अध्यक्ष गुरागाईंले बताए ।

ब्यवसायीलाई खेलकुदसँग जोडेर स्वस्थ राखि मनोरञ्जन दिने उद्देश्यले आयोजना गरिएका यस प्रतियोगिताको म्यान अफ दि टुर्नामेन्टलाई २ हजार ५ सय २५ रुपैयाँ, उत्कृष्ट गोलरक्षकलाई २ हजार २ सय २२ रुपैयाँ र प्रत्येक खेलका म्यान अफ दि म्याचलाई ११ सय ११ रुपैयाँका दरले जम्मा १२ हजार २ सय २१ रुपैयाँ वितरण गरिने दमक उद्योग वाणिज्य संघको खेलकुद तथा स्वास्थ्य उपसमितिका संयोजक कृष्णराज दाहालले जानकारी दिए ।

यस खेलमा मुख्य सहयोगी संस्थाहरु एल आर पी सप्लायर्स दमक, सिग्देल डिपार्टमेन्ट स्टोर, दमक ६, आरम्भ कम्प्युटर प्रालि दमक ६, सिद्धार्थ बैंक दमक र त्रिवेणी फुड एण्ड वेभरेज प्रालि इटहरी सुनसरी रहेको जानकारी गराइएको छ ।

पत्रकार सम्मेलनको सञ्चालन दमक उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष रुवल अधिकारीले गरेका थिए भने उपसमितिका संयोजक कृष्णराज दाहालको अध्यक्षतामा भएको कार्यक्रमको समापन बरिष्ठ उपाध्यक्ष भगवान बस्नेतले गरेका थिए । कार्यक्रममा संघका पूर्व अध्यक्ष विजय बरालसहित संघका कार्यसमिति पदाधिकारी, सदस्यहरु, सल्लाहकार समितिका सदस्यहरु तथा खेलकुद उपसमितिका सदस्यहरुको उपशिथति रहेको थियो ।

# बन्द उद्योग खुलेसागै जुट खेतीमा फर्किन थाले किसान

इटहरी । कुनै समय पूर्वी तराईको प्रमुख नगदेबालीका रूपमा रहेको जुट खेतीबाट विस्थापित हुँदै गएका किसान पछिल्लो समय पुन: यसतर्फ आकर्षित हुन थालेका छन् । जुटको मूल्यमा सुधार, उद्योगबाट कच्चा पदार्थको माग बढ्नु र स्थानीय उत्पादनले बजार पाउन थालेपछि सुनसरीमा यस वर्ष जुट खेतीको क्षेत्रफल बढेको छ । यसले लामो समयदेखि ओरालो लागेको जुट खेतीलाई पुनर्जीवन दिने संकेत देखिएको छ ।



कृषि ज्ञान केन्द्र सुनसरीका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा एक हजार ३०८ हेक्टर क्षेत्रफलमा जुट खेती भएकोमा आव २०८२/८३ मा बढेर एक हजार ३३४ हेक्टर पुगेको छ । देवानगञ्ज, भोक्राहा नरसिंह, कोशी, हरिनगर र इनरुवालगायत क्षेत्रमा जुट खेती बढी हुँदै आएको छ ।

जुटको बजार र मूल्यमा देखिएको सुधारले किसानलाई खेती विस्तार गर्न प्रोत्साहित गरेको हो । भोक्राहा नरसिंह गाउँपालिका(३ का तारा मण्डल यसको उदाहरण हुन् । उनले एक बिघा क्षेत्रफलमा जुट लगाएका छन् । अहिले जुट काटेर डाँठबाट रेसा निकाल्ने काम भइरहेको छ । उनको खेतमा दैनिक सात जना श्रमिकले ज्यालादारीमा काम गरिरहेका छन् ।

मण्डलका अनुसार जुट खेतीमा बीउ छरेदेखि बजारमा बिक्री गर्न तयार पार्दासम्म लामो प्रक्रिया पूरा गर्नुपर्छ । चैत(वैशाखमा बीउ छर्ने, मल हाल्ने, गोडमेल गर्ने र झारपात हटाउनेदेखि जुट काटेर करिब एक सातासम्म पानीमा डुबाउने, त्यसपछि डाँठबाट रेसा निकालेर सुकाउने र भोजा बनाएर बिक्री गर्ने काम गर्नुपर्छ । मेहनत र श्रम धेरै लागे पनि अहिले मूल्य राम्रो भएकाले आम्दानी आकर्षक बन्न थालेको उनको भनाइ छ ।

उनले वार्षिक १५ देखि २० क्विन्टलसम्म जुट उत्पादन गर्दै आएका छन् । यसबाट रु दुई लाखदेखि तीन लाखसम्म आम्दानी हुने गरेको उनले बताए । तयार जुट बिक्रीका लागि बजार खोज्दै हिँड्नुपर्ने अवस्था नरहेको र स्थानीय व्यापारीले खेतमै पुगेर खरिद गर्ने गरेको उनको अनुभव छ ।

तराईमा जुट खेतीको इतिहास हेर्दा अहिले देखिएको आकर्षण आफैँमा ठूलो परिवर्तन हो । केही वर्षअघिसम्म जुटले लागतअनुसारको मूल्य नपाउने, श्रमिक अभाव हुने र रेसा निकाल्ने तथा धुने काममा अत्यधिक श्रम लाग्ने समस्याका कारण किसानले खेती घटाउँदै लगेका थिए । पूर्वी नेपालका मोरङ, सुनसरी र झापा कुनै समय जुट उत्पादनका मुख्य क्षेत्र मानिन्थे । यी तीन जिल्लामा करिब ६० हजार हेक्टरसम्म जुट खेती हुने गरेकोमा पछिल्लो समय घटेर करिब ६ हजार हेक्टरमा सीमित भएको किसानको भनाइ छ ।

मोरङ सुनवर्षी नगरपालिका(७ भेडुवाथानका किसान पतरलाल सहनीको अनुभवले जुट खेतीमा देखिएको संकटलाई प्रस्ट पार्छ । उनका अनुसार जुट खेतीमा लागत बढ्दै जाँदा उत्पादनको मूल्यले त्यसलाई धान्न नसक्ने अवस्था आएको थियो । विशेषगरी रेसा निकाल्ने काममा श्रमिकको ज्याला महँगो हुँदा किसानलाई समस्या हुने गरेको उनले बताए ।

"दिनको पाँच सयदेखि छ सय रुपैयाँसम्म कामदारलाई दिनुपर्छ । खाना र खाजा पनि छुट्टै दिनुपर्छ । एक कठ्ठाको जुट निकाल्न तीन जना कामदार लाग्छन्, तर उत्पादन डेढ मनजति मात्र हुन्छ," सहनीले भने, "धेरै मेहनत गर्दा पनि लगानी नउठ्ने भएपछि अरू खेती गर्ने सोचमा पुगेका थियौँ ।"

यही अवस्थाका कारण जुट खेतीबाट किसानको पलायन बढिरहेको थियो । तर अहिले उद्योगमा कच्चा पदार्थको माग बढ्नु र मूल्यमा सुधार आउनुले किसानको सोच परिवर्तन गर्न थालेको देखिन्छ । बन्द तथा कमजोर अवस्थामा रहेका स्वदेशी उद्योग सञ्चालनतर्फ पहल बढेपछि उद्योगलाई आवश्यक पर्ने स्थानीय कच्चा पदार्थको उत्पादनमा समेत त्यसको प्रभाव पर्न थालेको कृषि क्षेत्रका जानकार बताउँछन् ।

विगतमा नेपाली जुट उद्योगलाई आवश्यक पर्ने करिब ८५ प्रतिशत कच्चा जुट भारत र बंगलादेशबाट आयात हुने गरेको थियो । पछिल्लो समय स्थानीय उत्पादन बढ्दै गएपछि आयातमा कमी आउन थालेको जुट अनुसन्धान केन्द्र इटहरीले जनाएको छ । उद्योग र किसानबीचको यो सम्बन्ध बलियो बनाउन सके आयात प्रतिस्थापनसँगै स्थानीय किसानको आम्दानी बढाउन सकिने सम्भावना देखिएको छ ।

जुट अनुसन्धान केन्द्र इटहरीका संयोजक सन्तोष त्रिपाठीका अनुसार पूर्वी नेपालका अधिकांश किसानले केन्द्रबाट बीउ तथा प्राविधिक सहयोग लिने गरेका छन् । केही किसानले भारतबाट पनि बीउ ल्याउने गरेका छन् । केन्द्रले झारपात नियन्त्रण, रेसा निकाल्ने प्रविधि तथा जुट उत्पादनसम्बन्धी प्राविधिक सहयोग दिँदै आएको छ ।

जुट उत्पादनमा सबैभन्दा बढी समस्या झारपात नियन्त्रण र रेसा निकाल्ने काममा देखिने गरेको केन्द्रको भनाइ छ । झारपात नियन्त्रणका लागि 'सनराइज' र 'एजिल' विषादी प्रयोग गर्ने गरिएको छ । त्यसैगरी जुट कुहाउने तथा धुने कामलाई सहज बनाउन डिजेल र विद्युतबाट चल्ने मेसिनसमेत प्रयोगमा ल्याइएको छ ।

तर प्रविधिको प्रयोगले मात्रै किसानको समस्या समाधान हुने अवस्था छैन । मेसिनबाट रेसा छुट्याउँदा जुटको डाँठ धुलो हुने भएकाले किसानले त्यसलाई रुचाएका छैनन् । किसानले जुटको डाँठ दाउरा तथा अन्य प्रयोजनमा बिक्री गरेर अतिरिक्त आम्दानीसमेत गर्ने भएकाले मेसिन प्रयोगमा उनीहरूको आकर्षण कम भएको त्रिपाठी बताउँछन् ।

यसले जुट खेतीमा उत्पादन र प्रशोधन दुवै पक्षमा सुधार आवश्यक रहेको देखाउँछ । किसानले राम्रो मूल्य पाए पनि श्रम लागत निरन्तर बढ्दै जाने हो भने अहिलेको आकर्षण दीर्घकालीन बन्न कठिन हुन्छ । त्यसैले उद्योग खुल्ने मात्र होइन, किसानलाई उत्पादन लागत घटाउने प्रविधि, गुणस्तरीय बीउ, उचित मूल्य र निश्चित बजारको सुनिश्चितता आवश्यक देखिन्छ ।

जुट अनुसन्धान केन्द्रलाई वार्षिक रु एक करोडभन्दा बढी बजेट विनियोजन हुँदै आएको छ । कोशी प्रदेश सरकारले पनि पछिल्लो समय जुट खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । किसानलाई उत्पादनमा टिकाइराख्न अनुसन्धान केन्द्र, प्रदेश सरकार, स्थानीय तह र उद्योगबीच समन्वय बढाउनुपर्ने आवश्यकता देखिन्छ ।

जुट खेतीमा देखिएको पछिल्लो आकर्षणलाई केवल क्षेत्रफल वृद्धिका रूपमा मात्र हेर्नुभन्दा उद्योग र कृषिबीचको सम्बन्ध पुन:स्थापित हुने संकेतका रूपमा हेर्न सकिन्छ । किसानले उत्पादन गरेको कच्चा पदार्थ स्वदेशी उद्योगले खपत गर्ने र उद्योगले किसानलाई स्थिर बजार उपलब्ध गराउने व्यवस्था बन्न सकेमा जुट खेती पुन: पूर्वी तराईको बलियो नगदेबाली बन्न सक्छ ।

तर अहिलेको मूल्य वृद्धिले मात्रै किसानलाई लामो समयसम्म जुट खेतीमा टिकाइराख्न सक्दैन । उत्पादन लागत, श्रमिक अभाव, प्रशोधनको झन्झट र मूल्यको अनिश्चितता समाधान गर्न नसके अहिले बढेको आकर्षण फेरि घट्न सक्छ । त्यसैले बन्द उद्योग खोल्ने सरकारी प्रयाससँगै ती उद्योगका लागि आवश्यक कच्चा पदार्थ उत्पादन गर्ने किसानलाई पनि समान प्राथमिकता दिनुपर्ने देखिन्छ । यही कडी बलियो भएमा उद्योग सञ्चालनको लाभ उद्योगसम्म मात्र सीमित नभई खेतसम्म पुग्नेछ ।


## जनहितमा जारी सूचना

- बालश्रमको प्रयोग नगरौं । पालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- पालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा पालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जतातते फोहरमैला नफालौं ।

**अजमल अख्तर मिया**
अध्यक्ष एवम्
**भोक्राहा नरसिंह गाउँपालिका**
विरौली, सुनसरी


## साप्ताहिक गतिविधि

- परीक्षाफल प्रकाशनमा जोड ( एसईईको नतिजा एक महिनाभित्र, कक्षा १२ को ४० दिन र विश्वविद्यालयको नतिजा ६५ दिनभित्र सार्वजनिक गर्ने अभ्यासलाई निरन्तरता दिइयो ।
- शैक्षिक सुधारको बहस ( विश्वविद्यालयमा राजनीतिक हस्तक्षेप घटाउने र मेरिटमा आधारित नियुक्तिको विषय चर्चामा रह्यो ।
- शिक्षक अभिमुखीकरण ( ...सिकाइ चौतारीमार्फत शिक्षकको अनलाइन अभिमुखीकरण कार्यक्रम सञ्चालन हुँदै आएको छ ।
- युवा दिवसका कार्यक्रम ( अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा विभिन्न शैक्षिक संस्था तथा युवा समूहले वृक्षरोपणलगायत सामाजिक गतिविधि गरे ।
- नि:शुल्क स्वास्थ्य सेवा विस्तार ( नि:शुल्क स्वास्थ्य पोर्टलमा १९६ अस्पताल आबद्ध भई ३ हजारभन्दा बढी नि:शुल्क शय्या उपलब्ध गराइएको सरकारी विवरण सार्वजनिक भयो ।
- मनोसामाजिक सेवा ( १६ संघीय अस्पतालमा मनोसामाजिक परामर्श केन्द्र सञ्चालनमा ल्याइएको छ ।
- खाद्य सुरक्षा निगरानी ( खाद्य पदार्थमा कीटनाशक अवशेष परीक्षण तथा खाद्य स्वच्छता निरीक्षणलाई निरन्तरता दिइयो ।
- विपद् स्वास्थ्य सेवा ( मनसुनजन्य बाढी(पहिरो प्रभावित क्षेत्रमा उद्धार तथा स्वास्थ्य सेवाको आवश्यकता बढेको छ ।
- राखेप बोर्ड बैठक ( करिब आठ महिनापछि राष्ट्रिय खेलकुद परिषद्को बोर्ड बैठक बस्यो । दशौं राष्ट्रिय खेलकुद र एन्फासम्बन्धी विषयमा छलफल भयो ।
- एसीसी प्रिमियर कप ( मलेसियामा हुने एसीसी पुरुष प्रिमियर कपका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई बिदाइ गरियो ।
- नेपालको खेल तालिका ( प्रतियोगितामा नेपालले बहराइन, मलेसिया, साउदी अरेबिया र हङकङसँग प्रतिस्पर्धा गर्ने तालिका सार्वजनिक भयो ।
- दशौं राष्ट्रिय खेलकुदको तयारी ( पूर्वाधार, खेलाडीको बसोबास, यातायात, स्वास्थ्य र सुरक्षालाई प्राथमिकतामा राखेर तयारी अघि बढाउने विषयमा जोड दिइएको छ ।
- कृषि कर्जा सहज बनाउने नीति ( तीन करोड रुपैयाँसम्मको कृषि कर्जामा जोखिम भार ७५ प्रतिशतबाट घटाएर ६० प्रतिशत कायम गरिएको छ ।
- किसान भुक्तानी ( चिनी उद्योगबाट किसानले पाउनुपर्ने रकम भुक्तानी तथा कृषि उपजको न्यूनतम समर्थन मूल्यसम्बन्धी विषय प्राथमिकतामा रहे ।
- जुट खेतीमा आकर्षण ( उद्योगमा कच्चा पदार्थको माग र मूल्यमा सुधार आएपछि पूर्वी तराईमा जुट खेतीप्रति किसानको आकर्षण बढेको देखिएको छ ।
- अन्तर्राष्ट्रिय युवा दिवस - 'भिन्न परिवेश, साझा आकांक्षा' नारासहित विभिन्न स्थानमा युवा लक्षित सामाजिक तथा वातावरणीय कार्यक्रम आयोजना भए ।
- वृक्षरोपण अभियान ( युवा रेडक्रस तथा शैक्षिक संस्थाको सहभागितामा वृक्षरोपण कार्यक्रम सञ्चालन गरियो ।
- मनसुनजन्य विपद् ( साताभर बाढी, पहिरो तथा सडक अवरोधका कारण उद्धार, राहत र पुन:स्थापनाको काम चुनौतीपूर्ण रह्यो ।
- उद्योग सञ्चालनमा जोड ( बन्द तथा समस्याग्रस्त उद्योग पुन: सञ्चालन गर्ने सरकारी प्रयाससँगै स्थानीय कच्चा पदार्थ उत्पादनमा किसानको आकर्षण बढ्ने अवस्था देखिएको छ ।
- ग्यास आपूर्ति समस्या - साताको अन्त्यतिर बजारमा एलपी ग्यास अभावको गुनासो बढेपछि आपूर्ति व्यवस्थाबारे सरकारी निकायले अनुगमन र वितरण व्यवस्थापनमा चासो बढाएको थियो ।
- युवा तथा रेडक्रस गतिविधि ( युवा दिवसका अवसरमा नेपाल रेडक्रस तथा युवा समूहले वृक्षरोपण र सामाजिक सेवाका कार्यक्रम सञ्चालन गरे ।
- सामाजिक सहभागिता ( विपद् प्रभावित क्षेत्रमा स्थानीय समुदाय, स्वयंसेवी संस्था र सुरक्षाकर्मी उद्धार तथा राहतमा परिचालित भए ।
- साताको समग्र तस्वीर : साउन २७ देखि भदौ २ सम्म शिक्षामा नतिजा र सुधार, स्वास्थ्यमा सेवा विस्तार, खेलकुदमा राष्ट्रिय टोली तथा दशौं राष्ट्रिय खेलकुदको तयारी, कृषिमा लगानी र बजार, उद्योग पुन:सञ्चालन तथा मनसुनजन्य विपद् व्यवस्थापन प्रमुख गतिविधिका रूपमा देखिए ।


## इटहरी उपमहानगरपालिकाको अनुरोध

- बालश्रमको प्रयोग नगरौं । उपमहानगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- नगरपालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा उपनगरपालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जतातते फोहरमैला नफालौं ।

**इटहरी उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, इटहरी, सुनसरी

